आज मिति २०८२ साल जेठ ०२ गते शुक्रबारका दिन भानु नगरपालिका, नगर कार्यपालिकाको आ.व.२०८१/०८२ को बाह्रौं बैठक नगर प्रमुख श्री आनन्द राज त्रिपाठी ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थिति:

१. श्री आनन्द राज त्रिपाठी (नगर प्रमुख)
२. श्री उमा गोतामे (उप प्रमुख)
३. श्री गौतम भण्डारी - प्रमुख प्रशासकीय अधिकृत (सचिव)
४. श्री कान्छीमाया तामाङ (वडाध्यक्ष १ नं.वडा)
५. श्री केशवराज त्रिपाठी (वडाध्यक्ष २ नं.वडा)
६. श्री तुल कुमार गुरुङ्ग (वडाध्यक्ष ३ नं.वडा)
७. श्री अर्जुन बहादुर बोहोरा (वडाध्यक्ष ४ नं.वडा)
८. श्री नहकुल अधिकारी (वडाध्यक्ष ५ नं.वडा)
९. श्री धिरेश खनाल (वडाध्यक्ष ६ नं.वडा)
१०. श्री खुम प्रसाद श्रेष्ठ (वडाध्यक्ष ७ नं.वडा)
११. श्री ईश्वर बहादुर घिमिरे (वडाध्यक्ष ८ नं.वडा)
१२. श्री मिन बहादुर गुरुङ्ग (वडाध्यक्ष ९ नं.वडा)
१३. श्री हरिहर उप्रेती (वडाध्यक्ष १० नं.वडा)
१४. श्री विमलराज जोशी (वडाध्यक्ष ११ नं.वडा)
१५. श्री बेल बहादुर अधिकारी (वडाध्यक्ष १२ नं.वडा)
१६. श्री कृष्ण बहादुर अधिकारी (वडाध्यक्ष १३ नं.वडा)
१७. श्री विन्दा रानाभाट (का.पा. सदस्य)
१८. श्री धन बहादुर वि.क. (का.पा. सदस्य)
१९. श्री प्रविना थापा मगर (का.पा. सदस्य)
२०. श्री रविन भुजेल (का.पा. सदस्य)
२१. श्री राजु सुर्खाली (का.पा. सदस्य)
२२. श्री सावित्री सुनार (का.पा. सदस्य)
२३. श्री सकिना खातुन (का.पा. सदस्य)
२४. श्री शान्ता कुमारी मिजार लम्साल (का.पा. सदस्य)

अन्य उपस्थिति:

२५. श्री सुनिल पाण्डे (वरिष्ठ प्रशासकीय अधिकृत)
२६. श्री अमृता बस्नेत (सहायक प्रशासकीय अधिकृत)
२७. श्री अमित लामा (३ नं. वडा सदस्य)

विशेष उपस्थिति:

२८. श्री डि.पी. अधिकारी, १३अध्यक्ष, पत्रकार महासंघ
२९. श्री राजिव घिमिरे, सूचना प्रविधि अधिकृत

भानु नगरपालिका नगर कार्यपालिकाको कार्यालय फुस्रेटार, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

**भानु नगरपालिका, नगर-कार्यपालिकाको मिति २०८२/०२/०२ गते बसेको आ.व.२०८१/०८२ को बाह्रौं बैठकका निर्णयहरु:**

**निर्णय नं.१** भानु नगरकार्यपालिकाको मिति २०८१/०१/०९ गते बसेको आ.व. २०८१/०८२ को एघारौं कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा गरियो । उक्त बैठकमा ११ वटा निर्णयहरु भएकोमा निर्णय नं. ८, ११ र विविधका केही निर्णयहरु मात्र कार्यान्वयनको चरणमा रहेको अन्य निर्णयहरु कार्यान्वय भएको पाइयो ।

**निर्णय नं.२** ऐतिहासिक, साँस्कृतिक र धार्मिक महत्व बोकेका भानु नगरपालिका भित्र रहेको सतिघाट धाम, चन्द्रावती घाट, थानीको थान, मिर्लुङ्गकोट नेमूनी पार्क तथा नेनीवगर घाट, लगायतका साँस्कृतिक एवं पर्यटकीय दृष्टिले परियोजना निर्माण गर्न विस्तृत परियोजना प्रतिवेदन (DPR) लगायतको कार्य गर्न आवश्यक पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं.३** निजी वन दर्ता सम्बन्धी कार्यविधि, २०८२ सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.४** भानु न.पा. वडा नं. १ को भूमिहिन सुकुम्बासी, भूमिहिन दलित र अव्यवस्थित बसोबासीको सूचिको बारेमा छलफल गरियो र अझ थप अध्ययन एवं छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं.५** शिलषाद्वारा कार्यपालिकामा प्रस्तुत गरिएको कार्यक्रम तथा प्रगती माथि छलफल गरियो ।

**निर्णय नं.६** भानु नगरपालिका अन्तर्गत डुम्रे-भन्सार नयाँ शहर आयोजनाको कार्य क्षेत्र आसपास सञ्चालन गर्ने प्रयोजनका लागि वस्ती विकास एवं बसोबासलाई व्यवस्थित गर्ने योजना अनुरुप भू-स्वकरण (Land Pooling) का लागि भानु नगरपालिका वडा नं. १ नयाँ बस्ती, भन्सार दोस्रो चरण र वडा नं. २ नारेश्वरटार/फुस्रेटारमा सम्भाव्यता अध्ययन गर्न शहरी विकास तथा भवन निर्माण विभाग र मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।



गौतम भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

२०८२।०२।०२

अरविन्द राज त्रिपाठी
प्रमुख

निर्णय नं.७ भानु नगरपालिकामा नगरपालिका भित्र र बाहिरका विभिन्न क्षेत्रबाट आर्थिक सहायताको लागि परेका निवेदन उपर छलफल गर्दा तपसिल बमोजिमका व्यक्ति, संस्था, कार्यक्रमकलाई तपसिल बमोजिमको राहत उपलब्ध गराउने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | वडा नं. | नाम | बुबाको नाम | रकम | बजेट शीर्षक | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ३ | दोलख बहादुर परियार (टाउको र छातीमा क्यान्सर) | सुइके परियार | १०,०००।- | | |
| २. | ३ | शितला जेष्ठ नागरिक (साउण्ड बक्स, चारकोठे दराज, ३*४ को दराज, कल टिभी खरिद) | | ३०,०००।- | | |
| ३. | ३ | गोमा तामाङको घर पहिरोले जोखिममा रहेको हुदाँ जोखिम न्यूनिकरणको लागि प्लाष्टिक खरिद | | १५,०००।- | | |
| ४. | ५ | मिन बहादुर सार्कीको पूर्ण असक्त भएको हुदाँ औषधी उपचारको लागि | | १५,०००।- | | |
| ५. | ८ | घिमिरे गाउँ बोरिङ खानेपानी उपभोक्ता समितिको लागि तीन वटा पाइप खरिद र पाइप गाड्नको लागि लाग्ने खर्च | | २५,०००।- | | |
| ६. | ९ | राष्ट्रपती रनिङशिल प्रतियोगीता (भलिवल तथा फुटवल खेल) सञ्चालन गर्न काउरेटार खेल मैदानमा आवश्यक फलामको पोल | | २१,०००।- | | |
| ७. | ९. | विपना थापा (वि.वि.एस अध्ययनको लागि सहयोग) | ज्ञान बहादुर थापा | १०,०००।- | | |
| ८. | १० | कमला दर्जी (घरको छानाको लागि टिन खरिद गर्ने) | | १०,०००।- | | |
| ९. | १० | दिनेश रावललाई आखाँको उपचारको लागि आर्थिक सहायता | | १०,०००।- | | |
| १०. | १० | कमला सापकोटालाई मुटुको उपचारको लागि आर्थिक सहायता | | १०,०००।- | | |
| ११. | ११ | ढाँफेदी सुन्दर वस्ती रुपाकोट फेदी खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको कार्यालयमा आवश्यक फर्निचर खरिद | | ३०,०००।- | | |

गौतम भण्डारी
प्रमुख प्रशासकीय अधिकृत



आनन्द राज त्रिपाठी
२०८२।०२।०२

निर्णय नं.८ नदि खोलाको मापदण्ड सहित भानु नगरपालिकाको भवन निर्माण तथा योजना मापदण्ड स्वीकृत गरि कार्यान्वयन गर्ने प्रयोजनका लागि सबै वडाहरुमा भएका खोलाहरुको विवरण तपसिल बमोजिमको ढाँचामा तिन (३) दिन भित्र उपलब्ध गराउने निर्णय गरियो।

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बन्दीपुर, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

तपसिलः

| क्र.सं. | खोलाको नाम | वडा नं. | खण्ड/स्थान | वर्षायाममा खोलाको चौडाइ | खोलाको प्रकृती | प्रस्तावित मापदण्ड |
|---|---|---|---|---|---|---|
| | | | | | | |

निर्णय नं.९ कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयसँग सम्झौता भए बमोजिम भानु नगरपालिकाका भित्रको १५७ कि.मी. मोटरमार्गको लगत कट्टा गर्ने कार्य अविलम्ब अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.१० सुरक्षित नागरिक आवास कार्यक्रम अन्तरगत विनियोजित बजेट बमोजिम प्राविधिक प्रतिवेदनका आधारमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ आर्थिक वर्ष २०८२/०८३ को नीति, कार्यक्रम र बजेट तर्जुमाको सन्दर्भमा राजनैतिक दल, संघ संस्था, सरोकार वालाहरु समेतको सहभागितामा पूर्व तयारी छलफल कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

निर्णय नं.१२ नेपाल सरकार तथा प्रदेश सरकारका निकायहरुद्वारा भानु नगर क्षेत्र भित्र सञ्चालन भएका आयोजनाहरुको कार्यस्थलमा भए गरेको कार्य प्रगतीहरुका विषयमा अनुगमन, समन्वय गर्ने तथा शिघ्र परिणाम र नतिजा प्रासिका लागि आवश्यक पहल गर्ने निर्णय गरियो ।

निर्णय नं.१३ भानु नगरपालिका भएर बग्ने मर्स्याङदी नदी किनाराका क्षेत्रहरुबाट नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवाको दिगो संकलन उत्खनन कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गरी पेश गर्नका लागि कार्यालयद्वारा प्रस्तावित कार्य क्षेत्रगत शर्त कार्य सूची (TOR) स्वीकृत गर्ने निर्णय गरियो ।

२०८२।०२।०२
गौतम भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

२०८२।०२।०२
आनन्द राज त्रिपाठी
प्रमुख